**कनकाई नगरपालिकाको कृषि अनुदान मापदण्ड २०८२ अनुसार सिंचाई महसुलमा अनुदान कार्यक्रमको मापदण्ड**

| क्र.स. | कार्यक्रमको नाम | प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| १. | सिंचाई महसुलमा अनुदान कार्यक्रम | • सिंचाई मिटर जडान गरेको हुनुपर्नेछ ।<br>• सिंचाई मिटरको महसुल कृषक आफैले भुक्तानी गरेको हुनु पर्नेछ ।<br>• कृषकले अघिल्लो आर्थिक वर्षको असार मसान्त सम्ममा महसुल तिरेको बिल र धनिपुर्जा (कृषि प्रयोजनको जग्गाको मात्र) को प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ ।<br>• ऐलानी जग्गाको हकमा नगरपालिकाबाट प्राप्त निस्सा (कृषि प्रयोजनको लागि भएको) र विद्यालय लगायत संस्थागत जग्गाको हकमा कृषकले तिरो तिरेको रसिद उपलब्ध गराउनु पर्नेछ ।<br>• जग्गाको सम्पत्ति कर तिरेको हुनुपर्ने।<br>• हरेक ३/३ महिनामा विद्युत महसुल बुझाउने व्यवस्था गर्न सकिने।<br>• 2 HP र सो भन्दा माथिको मोटरमा मात्र यो सुविधा उपलब्ध हुनेछ।<br>• सिंचाई मोटरको सुविधा लिएर अन्यत्र प्रयोग भएको भए यस कार्यक्रममा सहभागी नहुने व्यवस्था हुनुपर्ने। | • चालु आर्थिक वर्ष भित्रको महसुलको बिलको आधारमा सिंचाई महसुलमा भएको खर्चको ५०% रकम अनुदान उपलब्ध गराउन सकिनेछ।<br>• सिंचाई महसुल बिलमा कुनै जरिवाना राखिएको भएमा त्यस्तो रकमलाई अनुदान उपलब्ध गराइने रकमभित्र गणना गरिने छैन । |

| | | | |
|---|---|---|---|
| | | • विद्युत महसुल अनुदानको लागी कृषि क्षेत्र भित्रका जग्गाहरूलाई प्राथमिकता दिनु पर्ने ।<br>• एक कृषकले १ वा सो भन्दा बढी मिटरहरुबाट समेत यो सुविधा प्राप्त गर्न सक्ने ।<br>• लाभग्राही किसानको विवरण संकलन तथा अध्यावधिक र महसुलमा अनुदान रकम वितरणको कार्य सम्बन्धीत वडा कार्यालयबाट गर्न सकिने छ । | |